मितिः २०८२/०५/१९

समय : दिनको १ बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| श्री देवकृष्ण पुडासैनी | इन्द्रसरोवर गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| श्री उमा कुमारी लामा | इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष | -उपाध्यक्ष |
| श्री सुवास थापा मगर | १ न. वडा अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | २ न. वडा अध्यक्ष | -सदस्य |
| श्री प्रताप भोम्जन | ३ न. वडा अध्यक्ष | -सदस्य |
| श्री चन्द्र कुमार बल | ४ न. वडा अध्यक्ष | -सदस्य |
| श्री दुतराज तितुङ | ५ न. वडा अध्यक्ष | -सदस्य |
| श्री लिला सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री शोभा कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सानुकान्छी स्याङतान | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सावित्री सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामकृष्ण कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सम्झना परियार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामचन्द्र लामा | प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

सहयोगी कर्मचारीः

१. श्री दीपक चापागाईः प्रशासन शाखा प्रमुख

२. श्री राजेन्द्र सिंह ठगुन्ना- प्राविधिक शाखा प्रमुख

कार्यालय सहयोगीः

३. श्री डिल बहादुर गोले

४. श्री कुमार थिङ लामा

| | | |
|---|---|---|
| ४ | ६ लाख | |
| ५ | ६ लाख | |

६. शिक्षा समितिको निर्णय कार्यान्वयन नगर्ने नगराउने सम्बन्धमा:

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८२ साउन ९ गतेको गाउँ शिक्षा समितिको बैठकको निर्णय नं. १ र २, बालविकास केन्द्र समायोजन गर्ने सम्बन्धी निर्णय र वत्सलादेवी माध्यमिक विद्यालय, भैरव आधारभूत विद्यालयमा रहेका मन्टेश्वरी शिक्षकहरुलाई बालविकास शिक्षकमा रुपान्तरण गर्ने सम्बन्धी निर्णय कार्यान्वयन नगर्ने नगराउने निर्णय गरियो।

७. माइनिङ स्किम स्वीकृत गरि प्राविधिक परामर्शको लागि भूगर्भ विभागमा सिफारिस गर्ने सम्बन्धमा:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ३ स्थित चट्टान खानी प्रा. लि. को माइनिङ स्किम स्वीकृत गर्ने र प्राविधिक परामर्शको लागि भूगर्भ विभागमा सिफारिस गर्ने निर्णय गरियो।

८. गाउँपालिकाको सम्पदा वस्ती पहिचान गर्ने सम्बन्धमा:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनको आ. व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मकवानपुर जिल्ला अन्तर्गत स्थानीय तहमा अवस्थित नेपालको मौलिक पहिचानको रुपमा रहेका सम्पदा वस्ती सूचीकृत गर्ने प्रयोजनका लागि यस गाउँपालिकाको मौलिक पहिचान भएका सम्पदा वस्तीको सूची माग भई आएकोले यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयले उक्त सम्पदा वस्ती पहिचान गरी गाउँपालिकाको प्राविधिक शाखामा उपलब्ध गराउने निर्णय गरियो।

९. कार्यविधि संशोधन गर्ने सम्बन्धमा:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको विधायन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका कार्यविधिहरु संशोधन गर्ने निर्णय गरियो।

तपसिल:

- लैगिंक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

## प्रस्ताव तथा निर्णयहरु:

**१. आ.व २०८२/०८३ को योजना कार्यान्वयन सम्बन्धमा**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस इन्द्रसरोवर गाउँपालिकाको आ.व २०८२/०८३ को योजना कार्यान्वयन गर्नका लागि यथाशिघ्र उपभोक्ता समिति गठन गर्ने र रु २५ लाख भन्दा बढी रकमको योजना ठेक्कामार्फत कार्यान्वयन गर्नका लागि बोलपत्र आह्वानको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**२. खेलकुद विकास समिति अध्यक्षको सेवा सुविधा सम्बन्धमा**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँपालिकास्तरीय खेलकुद विकास समितिको अध्यक्षलाई मिति २०८२ साउन १ गतेदेखी लागू हुने गरी मासिक रुपमा रु २५००० उपलब्ध गराउने निर्णय गरियो।

**३. सम्भोटा लिपीको लागि स्वयंसेवक शिक्षक (प्राथमिक तहको) अनुदान कोटा १ जना थप गर्ने सम्बन्धमा**

यस गाउँपालिकामा तामाङ भाषाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नका लागि सम्भोटा लिपीको अध्यापन गराउन प्राथमिक तहको १ जना स्वयंसेवक शिक्षक अनुदानको कोटामा थप गर्नका लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो।

**४. वार्षिक समिक्षाको मिति तय गर्ने सम्बन्धमा:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८१/०८२ को वार्षिक समिक्षा सबै जनप्रतिनिधि, गाउँपालिका र वडा कार्यालयका कार्यालय सहयोगी बाहेकका सबै कर्मचारीहरु र स्वास्थ्य संस्था प्रमुखको उपस्थितिमा मिति २०८२ भाद्र २५ गते विहान ८ बजे इन्द्रसरोवर-१ सिम्लाङमा आयोजना गर्ने र जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकता अनुसार यातायातको सुविधाको लागि विल भर्पाईको आधारमा सुमो भाडा उपलब्ध गराउने निर्णय गरियो।

**५. विपद् व्यवस्थापन अन्तर्गतको मर्मत सम्भार शीर्षकको बजेट वडागत रुपमा बाँडफाँड गर्ने सम्बन्धमा:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व २०८२/०८३ को स्वीकृत कार्यक्रम बमोजिमको विपद् व्यवस्थापन अन्तर्गतको मर्मत सम्भार शीर्षकको बजेट वडागत रुपमा तपसिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो।

| वडा | विनियोजित बजेट | कैफियत |
|---|---|---|
| १ | ७ लाख | |
| २ | ७ लाख | |
| ३ | ७ लाख | |